# 2016 विधान परिषद चुनाव बारेमा संक्षिप्त जानकारी

## मतदानको मिति र समय

- 4 सेप्टेम्बर 2016 (आईतबार)
- बिहान 7:30 देखि रातीको 10:30 सम्म

## नामांकन समय

- 16-29 जुलाई 2016

## नामांकनको लागि फारमहरु

- मतदान फारमहरू जिल्ला कार्यालयहरू र दर्ता र मतदान कार्यालयको (REO) 10/F हार्बर सेन्टर, 25 हार्बर रोड, वान चाई मा उपल्ब्ध छन् । तिनीहरू REO को वेबसाइट (www.reo.gov.hk) बाट पनि डाउनलोड गर्न सकिन्छ ।

## मतदान

- प्रत्येक दर्ता भएको मतदाताले भौगोलिक निर्वाचन क्षेत्रको ("GC") लागि 1 मत र कार्यात्मक निर्वाचन क्षेत्रको ("FC") लागि 1 मत दिन सक्छन् ।
- प्रत्येक मतदाता वा अधिकृत प्रतिनिधिको ("AR") लागि नामित मतदान केन्द्र तोकिएको हुनेछ ।
- सम्बन्धित मतदाता वा AR लाई चुनाब भन्दा करीब10 दिन अघि नामित मतदान केन्द्र देखाउने कार्डजारी गरिनेछ ।

- मतदान केन्द्र हिड्डुल गर्न नसक्ने मतदाता वा AR जानसक्ने खालको छ छैन भनेर पोल कार्डसँग भएको स्थान चित्रमा तोकिएको हुनेछ। यदि कुनै हिड्डुल गर्न नसक्ने मतदाताहरु वा AR हरु ले तोकिएको मतदान केन्द्र जान नसक्ने खालको भएको पाएमा विलचियर जानसक्ने खालको तोकिएको विशेष मतदान केन्द्रको लागि फ्याक्स (2891 1180) गर्न सक्नुहुन्छ वा (reoenq@reo.gov.hk) मा ईमेल वा (2891 1001) टेलिफोन मार्फत 30 मा अगस्ट 2016 भन्दा ढिलो नगरि सम्पर्क गर्नुहोस्।
- यदि मतदाता वा AR हरुलाई चुनाबको दिनको जानकारीहरूको अनुबादको लागि सहयोग चाहिएमा उनीहरूले अल्पसंख्यक जातीयहरूको लागि केन्द्र ("CHEER") मा 22 अगस्ट 2016 देखि हटलाइन मार्फत कल गर्नु सक्नुहुन्छ।

| **भाषा** | **हटलाइन नं.** |
|---|---|
| बाहासा ईन्डोनेशिया | 3755 6811 |
| तागालोग | |
| थाई | |
| हिन्दी | 3755 6822 |
| नेपाली | |
| उर्दू | 3755 6833 |
| पन्जाबी | |

**भोट कसरी हाल्ने?**

- नामित मतदान केन्द्रमा तपाईको हङकङ परिचय कार्ड लिएर आउनुहोस् र मतदान कर्मचारीलाई प्रस्तुत गर्नुहोस् ।
- तपाईको अधिकार अनुसार मतपत्र(हरु), "✓" (टिक) चिन्ह भएको चपसँग एउटा पेपर बोर्ड दिइनेछ । GC र जिल्ला परिषद (दोस्रो) FC मतपत्र(हरु) मतदान कर्मचारीहरु द्वारा अगाडी नै दोबारिएको हुन्छ । 4 विशेष FCहरु ( अर्थात हियंुग यी कूक FC, कृषि र माछा व्यवसाय FC, बीमा FC र परिवहन FC) को मतदाता वा AR लाई एउटा कालो पेन पनि दिइनेछ ।
- तपाईको मतपत्र(हरु) भोट हाल्ने कक्ष भित्र चिन्ह लगाउनुहोस् ।
- सबै मतदाता वा AR हरुले (चार विशेष FC हरु को मतदाता र AR हरु बाहेक) उम्मेदवारको सुची वा तपाईको रोजाईको उम्मेदवारको नामको छेउको घेरामा कार्डबोर्ड सँग भएको चप प्रयोग गरी चिन्ह "✓"(टिक) लगाउनु पर्दछ ।
- चार विशेष FC हरुको मतदाता वा AR हरुको लागि, कृपया तपाईलाई दिइएको <u>कालो कलम</u> प्रयोग गरी आफ्नो पहिलो रोजाईको उम्मेदवारको नाम अगाडी घेरामा <u>अरबी नम्बर</u> "1" लेख्नुहोस र आफ्नो दोस्रो रोजाईको उम्मेदवारको नाम अगाडी <u>अरबी नम्बर</u> "2" लेख्नुहोस, इत्यादि । <u>तपाईले केवल एउटा उम्मेदवारलाई मात्र पहिलो प्राथमिकताको चिन्ह लगाउनु सक्नुहुन्छ ।</u>
- यदि तपाईले मतपत्रमा चिन्ह लगाउदा कुनै भूल गर्नु भयो वा गल्तिले मतपत्र बिगार्नु भयो भने, तपाईले त्यस मतपत्र त्यहाँ भएको अधिकृतलाई फिर्ता गर्नुहोस् र अर्को साट्नको लागि भन्नुहोस् ।
- मतपत्रमा चिन्ह लगाइसकेपछि:

(a) **निलो** मतपत्र बाकासमा लगाउनु भन्दा अगाडि GC मतदाताले मतपत्रलाई अगाडि नै मतदान कर्मचारीहरुले दोबारेको जस्तै गरी दोबारनु पर्छ जसले गर्दा चिन्ह लगाइएको "✓" (टिक) भित्र छोपिएको हुनुपर्नेछ ।

(b) जिल्ला परिषद (दोस्रो) FC मतदाताले त्यस तै प्रकारले मतपत्रलाई एकचोट्टी दोबारनु पर्छ र **सेतो** मतपत्र बकासमा हाल्नु पर्ने हुन्छ र

(c) अन्य FC को मतदाता वा AR ले मतपत्र दोबारनु हुँदैन । कृपया त्यसलाई घोप्टो पार्नुहोस र **रोतो** मतपत्र बाकास भित्र हाल्नुहोस ।

**स्वच्छ निर्वाचन**

भ्रष्टचार विरूद्ध स्वतन्त्र आयोगले लागू गरेको निर्वाचन (भ्रष्ट र अवैध व्यवहार) अध्यादेश (अनुशीर्षक 554) अनुसार मतदाताले यी कुराहरू **गर्नुहुदैन**:

- निर्वाचनको बेला मतदान नदिन, वा विशेष उम्मेदवारलाई मतदान दिन वा नदिन कुनै व्यक्तिबाट कुनै लाभ (उदाहरणको लागि पैसा, उपहार लगायत), खानपिन वा मनोरन्जनको सल्लाह दिनु वा स्वीकार गर्नु;

- कसैको मतदान गर्ने निर्णयलाई प्रभाव पार्न बल प्रयोग गर्नु वा प्रयोग गर्ने वा अवरोध गर्ने धम्की दिनु;

- मतदान गर्ने हकदार व्यक्ति नभएर पनि होइन भन्ने थाहा हुँदा पनि मतदान गर्ने; वा थाहा भएर पनि वा लापर्वाही तरीकाले निर्वाचन अधिकारीलाई गलत जानकारी (उदाहरणको लागि गलत निवासको ठेगाना) दिने ।